मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.२०८२/८३
च.नं.

**दलहन तथा तेलहन बाली प्रवर्द्धन कार्यक्रम र च्याउ प्रवर्द्धन कार्यक्रम संचालनका लागि प्रस्ताव आवह्मनको सूचना।**

प्रथम पटक प्रकाशन मितिः- २०८२।०५।०९ गते

यस कृषि ज्ञान केन्द्र सिरहाको आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दलहन तथा तेहहन बाली प्रवर्द्धन कार्यक्रम र च्याउ प्रवर्द्धन कार्यक्रम संचालन गर्न कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८२ ले तोके बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/उद्यमीहरुले माग गरिएको कागजातहरु सहित प्रथम पटक प्रकाशित मितिले २१ औं दिन भित्र (मिति २०८२/०५/२९ गते सम्म) कार्यालय समय भित्र तोकिएको ढाँचामा तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित्त नपुगेका र म्याद नाधी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । आवेदनको ढाँचाहरु यस कार्यालयको वेवसाईट akcsiraha.p2.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

| सि.न. | कार्यक्रमको नाम | इकाई | बजेट (रु. लाखमा) | मापदण्ड कृषकको हकमा | मापदण्ड कृषक समूह/कृषि सहकारी/उद्यमीहरुको हकमा |
|---|---|---|---|---|---|
| १ | दलहन वालि प्रवर्द्धन कार्यक्रम | पटक | १० | न्यूनतम १० कट्ठा क्षेत्रफलमा दलहल/तेलहन वालीको खेती गर्न इच्छुक | न्यूनतम ३ बिगहा क्षेत्रफलमा व्यवसायिक रुपमा दलहल/तेलहन वालीको खेती गर्न इच्छुक |
| २ | तेलहन वाली प्रवर्द्धन कार्यक्रम | पटक | १० | | |
| ३ | च्याउ प्रवर्द्धन कार्यक्रम | पटक | ५ | कम्तिमा १० के.जी.वीउ प्रयोग गरी च्याउ उत्पादन गर्न इच्छुक | न्यूनतम १०० के.जी.वीउ प्रयोग गरी च्याउ उत्पादन गर्न ईच्छुक |

### आवश्यक कागजपत्रहरुः

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु.१० को टिकट टाँस गरी आवेदन दिनु पर्नेछ ।
२. **दलहन तथा तेलहन वालि प्रवर्द्धन कार्यक्रमको हकमा** कृषक/कृषक समूह/कृषि सहकारी/उद्यमीहरुले मापदणड अनुसार जग्गाको लालपुर्जा र मालपोत तिरेको रसिदको प्रतिलीपी तथा लिजमा लिएको जग्गाको जग्गा धनि पूर्जा, मालपोत तिरेको रसिद र करारनामा/मन्जुरनामा पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्ने ।
३. स्थानिय तहमा रहेको कृषि बिकास शाखाको सिफारीश पत्र ।
४. कृषकको हकमा नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र कृषि सहकारी सस्थाहरुको हकमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिक्ताको प्रतिलिपी ।
५. आवेदक कृषक समूह/कृषि सहकारी संस्था/उद्यमीहरुको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण, र २०८१/०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
६. कृषक समूह/कृषि सहकारी संस्थाको हकमा आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणी समितिको निर्णयको स्वंयम प्रमाणित प्रतिलिपी।
७. कृषक समूह/कृषि सहकारी संस्थाहरुको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र अख्तियारी पत्र।

### अनुदानका शर्तहरुः

१. **दलहन तथा तेलहन वालि प्रवर्द्धन कार्यक्रमको हकमा** कृषक/कृषक समुह/कृषि सहकारी/उद्यमीहरुले तल उल्लेखित अनुदान लक्षित कार्यक्रम वर्गिकरण "क" र "ख" दुवैमा आवेदन दिन सक्ने छन।

महासेठ

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

प.सं.२०८२/८३
च.नं.

क. उत्पादन तथा उत्पादक्तव वृद्धि कार्यक्रम अन्तर्गत कृषि उत्पादन सामाग्रीहरु (उन्नत वीउ, कृषि चुन), साना सिंचाई व्यवस्थापन, तालिम तथा क्षमता अभिवृद्धि ।

ख. उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रमहरु अन्तर्गत स्थानीय उत्पादन प्रयोग गरी प्रशोधन गर्ने मिलहरुको स्थापना वा स्तरोन्नती, प्रशोधन सम्बद्ध यन्त्र उपकरणहरु तथा प्याकेजिङ्ग र लेभलिङ्ग ।

२. **च्याउ प्रवर्द्धन कार्यक्रमको हकमा पनि कृषक**/कृषक समुह/कृषि सहकारी/उद्यमीहरुले तल उल्लेखित अनुदान लक्षित कार्यक्रम वर्गिकरण "क" र "ख" दुवैमा आवेदन दिन सक्ने छन।

क. उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम अन्तर्गत च्याउ बीउ, मल, कम्पोष्ट तथा प्याकिङ्ग प्लाष्टिक लगायतका उत्पादन समाग्री, च्याउ उत्पादन सम्बद्ध कृषि यन्त्र उपकरण तथा पूर्वाधार, तालिम तथा क्षमता अभिवृद्धि ।

ख. उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम अन्तर्गत प्रशोधन, प्याकेजिङ्ग, भण्डारण, लेवलिङ्ग लगायत पोष्ट हार्भेष्ट उपकरण तथा भौतिक निर्माण सम्बद्ध कार्य ।

३. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट विगत २ वर्षमा अनुदान नलिइको/झुटा बिवरण पेश नगरेको/कुनै बेरुजु वा अनियमिततामा नपरेको/कार्यालयमा खराव आचरण प्रस्तुत नगरेको स्व-घोषणा पत्र ।

४. गत विगत बर्षहरुमा अनुदान नलिएको तथा उन्नत प्रविधि अवलम्वन गरेको, वढी लागत सहभागिता भएको कृषक/कृषक समूह/कृषि सहकारी/उद्यमीहरुलाई प्राथमिक्ता दिईनेछ ।

५. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ ।

६. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए वमोजिम क्रियाकलाप अनुसार अनुदानको सिमा कायम हुनेछ ।

७. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. बिशेष जानकारीको लागि मो.न. ९८५२८८०५०१ मा सम्पर्क गर्न सकिन्छ ।

..........................
कृषि ज्ञान केन्द्र, सिरहा

**नरेन्द्र कुमार महासेठ**
**प्रमुख**
**दशौं तह**